फोन : ५९७१३०१, ५९७१३०७
वेबसाईट : https://ppmo.gov.np/
ईमेल : it@ppmo.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

(सूचना प्रविधि शाखा)

प.सं : सू.प्र.-०८१/८२
च.नं. MIT/१४२२

केसरमहल, काठमाडौं, नेपाल
मिति: २०८१।१२।०३

## विद्युतीय खरिद प्रणालीमा बोलपत्रको म्याद थप सम्बन्धी सूचना

सार्वजनिक खरिद अनुगमन कार्यालयबाट संचालनमा ल्याइएको विद्युतीय खरिद प्रणाली (e-GP System) मा मिति २०८१।१२।०३ गते प्रणालीमा अत्याधिक चाप पर्न गई प्रणालीमा प्राविधिक समस्या आएका कारण प्रणाली प्रयोगकर्ताहरुको सहज पहुँच हुन नसकेको हुँदा विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०८० को दफा ११ को उपदफा १ को खण्ड 'ग' बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयको प्रणाली व्यवस्थापक मार्फत मिति २०८१।१२।०३ गते आइबारका दिन दिनको १६:०० बजेसम्म अनलाईन दाखिला गर्ने म्याद समाप्त हुन बाँकी रहेका सम्पुर्ण बोलपत्र, आशयपत्र र शिलबन्दी दरभाउपत्रको अन्तिम म्याद आजै मिति २०८१।१२।०३ गते दिनको १६:०० बजे र सो दिनको खुलुवा समेत आजै दिनको १६:१५ बजे कायम गरिएको व्यहोरा मिति २०८१।१२।०३ को निर्णयानुसार सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(ई. निर्मल लामा)
कम्प्युटर अधिकृत